# संविधानसभा सदस्य निर्वाचनका लागि मतदाता तथा नागरिक शिक्षा नीति, २०६३

## उद्देश्य :

संविधानसभाको निर्वाचनमा सबै क्षेत्र, वर्ग र समुदायका मतदाताहरुको पहुँच सहज र सरल गरी स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गराउने कार्यमा योगदान पुऱ्याउने ।

## रणनीति :

- आयोगले राष्ट्रव्यापीरुपमा मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने, गराउने,
- संविधानसभा निर्वाचन सम्बन्धी विभिन्न निकायले संचालन गर्ने नागरिक शिक्षा कार्यक्रमहरुमा आयोगले आवश्यकता अनुसार सहकार्य, सहजीकरण र प्रोत्साहन गर्ने,
- मतदाता शिक्षाको लागि प्रवाह हुने सूचनामा विश्वसनीयता, आधिकारिकता तथा एकरुपता कायम गर्नको लागि मतदाता शिक्षा सम्बन्धी तयार पारिएका सबै सामग्रीहरु आयोगको तर्फबाट सहमति भएपछिमात्र प्रयोगमा ल्याउने,
- मतदाता शिक्षा सम्बन्धी सामग्रीहरुको उत्पादन एवं वितरणको लागि आवश्यकता अनुसार नागरिक समाज, सामुदायिक संघसंस्था, पेशागत संघ-संगठन लगायतका गैर सरकारी संघ संस्थाहरु, संचार माध्यम, विभिन्न सरकारी निकायहरु तथा दातृ निकायहरुसंग समेत सहकार्य गर्ने,
- मतदाता शिक्षा सामग्रीको प्रचार प्रसारको लागि उपलब्ध सबै प्रकारका माध्यमहरुको उपयोग गर्ने तथा देशको विविधता अनुरुप सकेसम्म विभिन्न भाषाको प्रयोग गर्ने,
- सीमान्तीकृत समूहलाई लक्षित गरी विशेष खालका कार्यक्रम संचालन गर्ने,
- मतदाता शिक्षा सम्बन्धी विषयवस्तु मतदाताको तहसम्म पुऱ्याउनको लागि देशको विविधता अनुरुप विभिन्न भाषा, क्षेत्र र वर्गका मतदाताहरुलाई सहज हुनेगरी संभव भएसम्म सम्बन्धित क्षेत्र, वर्ग र समुदायका व्यक्ति तथा सामुदायिक संघसंस्थाहरुलाई अधिकाधिक परिचालन गर्ने ।

## कार्यनीति :

### व्यवस्थापन संयन्त्र

- मतदाता शिक्षा कार्यक्रमको समन्वय आयोगको मतदाता शिक्षा समितिले गर्ने र यसका लागि केन्द्रदेखि स्थानीय तहसम्म उपयुक्त संरचना तय गर्ने,
- आयोगमा एक मतदाता शिक्षा इकाई गठन गर्ने,
- मतदाता शिक्षा सम्बन्धी सामग्रीहरुको वितरण गर्ने कार्यको लागि जिल्ला निर्वाचन कार्यालय सम्पर्क विन्दुको रुपमा रहने,
- मतदाता शिक्षा कार्यक्रममा संलग्न हुने समन्वयकर्ता र स्वयंसेवकहरु (Voter Education Volunteers) समावेशी आधारमा परिचालन गर्ने ।

### वित्तीय व्यवस्था

- मतदाता शिक्षा कार्यक्रममा आन्तरिक तथा बाह्य स्रोतको परिचालन गर्ने ।

### समन्वय

- मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनको लागि सरकारका विभिन्न निकाय, दातृ संस्था, संचार माध्यम, नागरिक समाज, पेशागत संघ-संगठनसंग समन्वय गर्न विभिन्न तहहरुमा हुने वैठकमा आवश्यकतानुसार त्यस्ता निकायका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने,
- जिल्ला निर्वाचन अधिकारीको संयोजकत्वमा नागरिक समाज, गैर सरकारी संघसंस्था, पेशागत संघ-संगठन तथा सरकारी निकायहरुको प्रतिनिधित्व हुनेगरी जिल्ला स्तरीय मतदाता शिक्षा समिति गठन गर्ने,
- मतदाता तथा नागरिक शिक्षा सम्बन्धी कार्यक्रम संचालनमा सहयोग गर्ने दातृ निकायसंग आवश्यक समन्वय गर्ने ।

<u>विषयवस्तु निर्धारण</u>

आयोगबाट संचालन हुने मतदाता शिक्षा कार्यक्रममा सामान्यतया देहायका विषयवस्तुलाई समावेश गर्ने :

- संविधानसभासम्बन्धी सामान्य जानकारी
- मताधिकार
- निर्वाचन प्रणाली
- समावेशी अवधारणा
- निर्वाचन प्रकृया
- निर्वाचन आचारसंहिता
- उम्मेदवारी र सोका
- मतदान केन्द्र
- मतदान प्रकृया
- मतपत्र
- मतगणना
- परिणाम घोषणा
- निर्वाचन पर्यवेक्षण र अनुगमन, आदि ।

<u>मतदाता शिक्षा सामग्री</u>

मतदाता शिक्षाका लागि मूलतः देहायका सामग्रीहरु निर्माण/उत्पादन गर्ने ।

| छापा सामग्री | विद्युतीय सामग्री | अन्य सामग्री |
|---|---|---|
| • सूचना/विज्ञापन<br>• Bill Board<br>• Flip-Chart<br>• पोष्टर/पम्पलेट<br>• स्टीकर<br>• बुकलेट<br>• बारम्बार सोधिने प्रश्नहरु (FAQ)<br>• मतदाता निमन्त्रणा कार्ड | • जिंगल<br>• रेडियो/टेलि नाटक<br>• SMS<br>• Call Centre<br>• अन्तरकिया कार्यक्रम<br>• संवादमूलक नारा<br>• क्याप्सन<br>• जानकारीमूलक रेडियो कार्यकम<br>• सिनेमा स्लाइडहरु<br>• अडियो क्यासेट | • सडक नाटक<br>• दोहोरी गीत<br>• स्थानीय साँस्कृतिक कार्यक्रम<br>• नमूना मतदान<br>• मतदाता शिक्षा सम्वन्धी प्रवर्द्धनात्मक सामग्री<br>• समितिले छनौट गरेका अन्य सामग्रीहरु |

<u>अनुगमन तथा मूल्यांकन</u>

- मतदाता तथा नागरिक शिक्षा कार्यक्रमको केन्द्र र स्थानीय स्तरबाट नियमित रुपमा गरिने अनुगमनका आधारमा कार्यक्रमको पुनरावलोकन गर्ने,

- कार्यक्रम सम्पन्न भएपछि प्रभावकारिता मूल्यांकन गर्ने ।